**“समन्वयमा आधारित खोटेहाङ , दीगो विकास र समृद्धि हाम्रो अभियान”**

# आर्थिक वर्ष २०७६।७७ को
# नीति तथा कार्यक्रम

**खोटेहाङ गाउँपालिका**
**खोटाङ**
**१ नं. प्रदेश, नेपाल**

गाउँसभामा प्रस्तुत मिति : २०७६ असार १६

# खोटेहाङ गाउँपालिका अध्यक्ष श्री प्रदिप राईद्वारा गाउँसभामा प्रस्तुत खोटेहाङ गाउँपालिकाको नीति तथा कार्यक्रम आ.व. २०७६।०७७

**प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य माननिय श्री विशाल भट्टराईज्यू**
**विशेष अतिथि नेपाल कम्यूनीष्ट पाटी (नेकपा) जिल्ला कमिटि खोटाङका अध्यक्ष श्री देवान चाम्लिङ (पृथ्वी) ज्यू**
**गाउँ सभाका उपाध्यक्ष श्री कविता राईज्यू,**
**गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु,**
**राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,**
**कार्यालय प्रमुख एवं प्रतिनिधिज्यूहरु,**
**क्याम्पस प्रमुख तथा प्रधानाध्यापकज्यूहरु,**
**विषयगत शाखाका प्रमुखज्यूहरु,**
**कार्यालयका कर्मचारी मित्रहरु,**
**उपस्थित बुद्धिजीवी महानुभावहरु**
**सुरक्षाकर्मी मित्रहरु,**
**सञ्चारकर्मी मित्रहरु, लगायत अन्य उपस्थित महानुभावहरु ,**

करिव सात दशक लामो संघर्ष र प्रतिक्षा पश्चात आफ्नो संविधान आफै बनाउने जनताको सपना पूरा भइ नेपालको संविधान २०७२ जारी भएको ४ वर्ष वितिसकेको छ । संविधान बमोजिम स्थानीय तह, प्रदेश र संघिय सरकार गरि ३ तहको सरकार सञ्चालन भई रहको छ । तिनै तहका सरकारहरु संविधानले दिएको अधिकार क्षेत्र भित्र रहि आफ्नो आफ्नो जिम्मेवारी वहन गरिरहेका छन् । स्थानीय तहको निर्वाचन, २०७४ पछि यस गाउँपालिकामा स्थानीय सरकारको जिम्मेवारी सम्हाले पछिको तेस्रो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षित भएको छु ।

देश र जनताको खातिर ज्यानको आहुति दिने महान सहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । जनआन्दोलनका घाइतेहरु, द्वन्दपीडितहरु तथा देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न अहम भूमिका खेल्ने अग्रज सम्पूर्ण नेतृत्वहरु र ज्ञात अज्ञात व्यक्तित्वहरुलाई विशेष स्मरण गर्न चाहन्छु ।

नेपाल सरकार र १ नं. प्रदेशको प्रदेश सरकारबाट **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा प्राप्त गर्न आर्थिक, सामाजिक, साँस्कृतिक विकासका उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीतिको स्पष्ट खाकासहित आर्थिक वर्ष २०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रम र बजेट सार्वजनिक भएको छ । नेपाल सरकारले पन्ध्रौं आवधिक योजना स्वीकृत गरि लागू गरेको छ । नेपाल सरकार, प्रदेश सरकार तथा यस गाउँ सरकारको नीति तथा कार्यक्रम र आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गर्दै नतिजामुलक उपलब्धि ल्याउने गरि ***"समन्वयमा आधारित खोटेहाङ , दीगो विकास र समृद्धि हाम्रो अभियान"*** भन्ने मुल नारालाई मुर्तरुप दिन हामि सम्पूर्ण निर्वाचित पदाधिकारीहरु प्रतिवद्ध छौं ।

**उपस्थित गाउँसभाका सदस्यलगायत अन्य महानुभावहरु**

यो गाउँपालिकाका जनताले यस क्षेत्रको शान्ति,सुशासन, विकास र समुन्नतिका लागि सुम्पिएको ऐतिहासिक जिम्मेवारी इमान्दारीपूर्वक निश्पक्ष, पारदर्शी ढंगबाट संचालन गर्नु हामी सबैको कर्तब्य हो । यसका लागि जनताको चाहाना अनुरुपको जनताकै अर्थपूर्ण सहभागिताद्धारा विकासका आधारभूत पक्षहरु संचालन गरिनुपर्नेमा मेरो विश्वास रहेको छ । स्थानीय तहको निर्वाचनबाट हामी विभिन्न राजनीतिक दल बाट प्रतिनिधित्व हुने गरि जनताले निर्वाचित गरे तापनि विकास र निमार्णको सन्दर्भमा सबै मिलेर साझा लक्ष्य प्राप्तिको लागि गाउँपालिकाको ***"समन्वयमा आधारित खोटेहाङ, दीगो विकास र समृद्धि हाम्रो अभियान"*** भन्ने नारा अनुरुप जनप्रतिनिधिहरु, कर्मचारीहरु तथा सरोकारवालाहरुको आपसि छलफलको माध्यमबाट हरेक विषय वस्तुलाई समन्वय, सहकार्य र सहमतिका साथ एकताबद्ध भई काम गर्ने संस्कार र संस्कृती स्थापित गरि जुन रुपमा हामी अगाडि वढेका छौ यो नै हाम्रो असल अभ्यास हो भन्ने ठानेका छौ ।

**आदरणीय महानुभावहरु,**

देशमा लामो समय सम्म जनप्रतिनिधिहरुको रिक्तता रहेका कारण स्थानीय सरकार संग जनताका असिमित आशा र अपेक्षाहरु हुनु स्वभाविकनै हो । जनचाहाना बमोजिम काम तिव्र रुपमा हुन नसकेको हो कि भन्ने बुझाई पनि रहेको छ । सामान्य रुपले हेर्दा यो यथार्थ जस्तो पनी देखिन्छ तर नीतिगत अस्पष्टता ,कानूनी जटिलता, अनुभवि र दक्ष जनशक्तिको अभाव तथा थुप्रै अलमल र अन्योलताका बाबजुद पनि हाम्रो विवेक र तपाईहरुको साथ सहयोग बाट अगाडि बढ्ने आत्म विश्वासका साथ "***जनता संग सरकार र सरकार संग जनता***" भन्ने नीतिलाई अनुसरण गर्दै सिमित स्रोत र साधनको परिधि भित्र रहदै यस पालिकाको दिगो विकास र संमृद्धिका लागि हामीले विगत बर्षहरुमा ल्याएका नीति तथा कार्यक्रमका योजनाहरु अधिकतम् रुपमा पुरा भएको हाम्रो विश्वास छ । नीति तथा कार्यक्रममा प्रस्तुत भएका योजनाहरु ठोस रुपमा कार्यन्वयन गर्नका लागि समय समयमा सहयोग समन्वय र सहजिकरण सम्पूर्ण पक्षबाट प्राप्त भएको कुरा अविस्मरणीय रहेको छ । यस अवधिमा हामीले गरेका पूर्वाधार विकासका क्रियाकलापहरु, सशक्तिकरण एवं क्षमता विकासका कार्यक्रमहरु, विषयगत क्षेत्रमार्फत वितरित योजनाहरुले गाँउपालिकाको विकास प्रक्रियाको गतिलाई लिएर खोटाङ जिल्ला तथा छिमेकी अन्य जिल्लाका स्थानीय तहहरुको तुलना गरेर चिन्तित हुनु पर्ने अवस्था छैन । यहाँहरुको रचनात्मक सुझाव सल्लाह र सहयोगले हाम्रो काम कार्वाहीमा अझ स्पष्टता र निखरता ल्याउने कुरा प्रति हामि पुर्ण विश्वस्त छौं ।

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

अव म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## ❖आर्थिक विकास

**आर्थिक विकास र समृद्धिका लागि गाँउपालिकाका समग्र नीति तथा कार्यक्रमहरु निम्न अनुसार संचालन गरिनेछ ।**

- **कृषि तथा पशुपालन**

१. सिंचाई सुविधा नपुगेको ठाँउमा साना सिंचाई प्लाष्टिक पोखरी तथा पोखरी निर्माण गरि कृषि उत्पादनमा वृद्धि गराईनेछ ।

२. नगदे बालि (अलैचि, अदुवा,बेसार र तेलहन) उत्पादनका लागि विशेष कार्यक्रम गरी कृषकहरुको आय स्तरमा बृद्धि गरिनेछ ।

३. लक्षित समूह पहिचान गरी, आय आर्जनका कार्यक्रमहरुलाई पकेट क्षेत्र बनाई कृषिका कार्यक्रमको माध्यमबाट आय आर्जनमा वृद्धि गराउदै लगिने छ ।

४. खेति योग्य जमिनलाई उपयोग गरि राख्नका लागि उद्यमि र जग्गा धनि बिच करार सम्झौता मार्फत उपभोग हस्तान्तरण गर्ने नीति लिइने छ ।

५. कृषि क्षेत्रमा कार्यरत सरकारी, निजि तथा सहकारी संस्थाहरु विच समन्वय र सहकार्य गदै साझेदारीमा काम गर्ने एक साझेदारी समपुरक कोषको स्थापना गरिनेछ ।

६. कृषि पेशालाई मर्यादित बनाउन हरेक बर्ष उत्कृष्ट कृषक छनौट गरि तालिम, भ्रमण , कृषि मेला प्रदर्शनीमा सहभागि गराई पुरस्कृत समेत गरिने नीति लिइने छ ।

७. रैथाने जातका विउ विजनलाई टिकाई राख्नका लागि उचित परामर्श र प्राविधिक ज्ञान प्रदान गर्ने नीति लिईएको छ ।

८. प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र र सम्भाव्यताको आधारमा सित भण्डार स्थापना र परम्परागत हाट बजार केन्द्र व्यवस्थापन गरि स्थानिय कृषि बजार र निर्यात प्रर्वधन गर्ने नीति लिइएकोछ ।

९. रासायनिक मलको प्रयोगलाई क्रमश निरुत्साहित गर्न कृषकहरुलाई प्राङ्गारिक मल उत्पादन सम्बन्धी प्राविधिक ज्ञान दिईने छ ।

१०. बैदेशिक रोजगारिका कारण बाझिएका जग्गाहरुलाई सामूहिक खेति प्रणालिद्धारा भु-उपयोगको नीति अवलम्बन गरिने छ ।

११. निर्वाहामूखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्दै लैजाने रणनीति अनुरुप आधुनिक कृषि औजार, उन्नत विउ विजन, प्राङ्गारिक मलखादको उचित व्यवस्था तथा एकीकृत सत्रु जीव व्यवस्थापनको कामलाई टेवा पुग्ने गरि बजेटको व्यवस्था गरिने छ ।

१२. बाँझो जमिनलाई कृषि तथा पशुपालनको लागि उपयोग गर्न नीति अनुसारको कार्यक्रम बनाईने छ ।

१३. हरेक वर्ष मनसुनी बर्षा कम हुने र अधिकांश पानीको स्रोतहरु सुक्ने क्रम बढ्दो रहेको कुरालाई ध्यानमा राखी उपयुक्त स्थानहरुमा रिचार्ज पोखरीको निर्माण गरी सिंचाई आदिमा उपयोग गर्ने नीति ल्याईने छ ।

१४. यस पालिकाको विभिन्न स्थानमा भएको साना तथा घरेलु उद्योगहरुलाई प्रोत्साहन गरी थप उद्योगहरु स्थापना गर्न प्रोत्साहित गर्ने नीति ल्याईने छ ।

१५. यस पालिकाको विभिन्न स्थानमा उत्पादन हुँदै आएको कृषि तथा पशुपंक्षी जन्य बस्तुहरुलाई प्रशोधन/संकलन गरी बजार सम्म पुऱ्याउने नीति ल्याईने छ ।

१६. नगदे बाली उत्पादनका लागि विशेष कार्यक्रम लागु गरी कृषकहरुको आयस्तरमा वृद्धि गराईने छ ।

१७. आधुनिक खेति प्रणालिको विकासको लागि बाली अनुसार कृषक समुह गठन गरि स्थलगत घुम्ती तालिम दिनुका साथै प्राविधिक सेवामा विस्तार गरिने छ ।

१८. भौगोलिक क्षेत्र विशेष अनुसारको पाखो जग्गामा हिउदे तथा बर्षे फलफूलहरुको बिरुवा कृषक स्तरमा बितरण गरी उत्पादनमा वृद्धि गराई आयतित फलफूललाई निरुत्साहित गराई निर्यातमा वृद्धि गरिने छ।

१९. माटो परीक्षण कार्यक्रमको सुरुवात दोस्रो चौमासिक बाट नै थालिने छ ।

२०. परम्परागत एवं निर्वाहमूखी पशुपंछी पालन गर्दै आएका व्यवसायी कृषकहरुलाई आधुनिकीकरण गराउदै नश्ल सुधारमा जोड दिदै यस गाउँपालिकाले पशु तथा पशुजन्य उत्पादनमा आत्मानिर्भर गराउदै पशु तथा पशुजन्य पर्दाथको निर्यातमा विशेष पहल गरिनेछ ।

२१. लक्षित समुह पहिचान गरि आयआर्जनका कार्यक्रम पकेट क्षेत्र बनाई पशु पालनको माध्यम बाट आयमा वृद्धि गराउदै लगिनेछ ।

२२. दुध, फुल र मासुमा आत्मनिर्भर गराउदै यस पालिकाले उक्त बस्तुहरुको निर्यातमा विशेष जोड दिईनेछ।

- **उद्योग, बन, संस्कृति तथा पर्यटन**

१. धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक क्षेत्रको संरक्षण, सम्वर्द्धन गर्दै सम्भाव्यताको आधारमा पर्यटकीय क्षेत्रको विकासका कार्यक्रम संचालन गरिने छ । साथै रामप्रसाद राई स्मृती पार्क, इन्द्राणीपोखरी, सोलढुङ्गा र कपासे भञ्ज्याङ क्षेत्रको प्रचार प्रसार गरि आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउने नीति लिईनेछ ।

२. धर्म र संस्कृतिले हामी सबै जात जाति तथा भाषाभाषीलाई मिलाएर राखेको छ । यिनीहरुको संरक्षण , सम्बर्द्धन तथा प्रर्वद्धन आजको आवश्यकता समेत बनेको छ । यस क्षेत्रभित्र रहेका पुरातात्विक महत्वका मठमन्दिर तथा गुम्बाहरुको संरक्षण गर्नुका साथै आवश्यकतानुसार नवनिर्माण समेत गरिनेछ । विभिन्न जातजातिको मौलिक रहनसहनको प्रर्वद्धन कार्यक्रमहरु संचालन गरिने नीति लिईनेछ ।

३. खानी तथा नदि जन्य स्रोतको सम्भाव्यता अध्ययन र परिचालन सम्बन्धी नीति लिई गाउँकार्यपालिकाको निर्णय अनुसार परिचालन गरिने छ ।

४. बन पैदावार संरक्षण, विक्रि, विरतण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याईने छ । सडक किनारमा रहेको खाली भुभागमा भौगोलिक अनुकुल हुने बनस्पती बृक्षारोपण गरि भुक्षय हुनबाट जोगाउन विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

५. सव-डिभिजन बन कार्यालय, सामुदायीक बन उपभोक्ता समितिहरु संग समन्वय गरि खालि र भुक्षय हुने सम्भावीत स्थानको पहिचान गरि बृक्षारोपणको कार्यक्रम अगाडी बढाईनेछ ।

६. यस गाउँपालिका भित्र रहेका घरेलु तथा साना उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।

## ❖सामाजिक विकास

- **शिक्षा क्षेत्रको सुधारका लागि देहायअनुसारका नीति अख्तियार गरिनेछ ।**

१. सबै माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवाको विकास र विस्तार गरिने छ ।

२. एउटै पनि दरवन्दी नभएका वा न्यून दरवन्दि भएका निजि श्रोतबाट संचालित प्रस्तावित सामूदायिक विद्यालयमा शिक्षक व्यवस्थापनका लागि निश्चित मापदण्ड बनाई आवश्यक अनुदानको व्यवस्था गरिने छ ।

३. शैक्षिक गुणस्तर सुधारका लागि सरोकारवालाहरुको क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ ।

४. निश्चित सूचक तथा मापदण्डका आधारमा सबै वडामा एक एक वटा नमुना विद्यालय संचालनका लागि आवश्यक व्यवस्था मिलाउदै लगिने छ ।

५. विद्यालयको भौतिक पूर्वधार विकासमा विशेष जोड दिइने छ ।

६. स्थानीय पाठ्यक्रम निर्माण गरि लागु गरिने छ ।

७. माध्यमिक विद्यालयमा **स्कुल नर्स** कार्यक्रम लागु गर्नका लागि आवश्यक पहल गरिने छ ।

८. विद्यार्थीको सिकाई उपलब्धि, लगनशिलता,अनुशासन,जवाफदेहिता आदिका आधारमा प्रत्येक बर्ष एक जना शिक्षक,विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई पुरस्कृत गर्दै जाने नीतिलाई निरन्तरता दिने छ ।

९. शैक्षिक सत्रको सुरुमा विद्यार्थी भर्ना,स्वागत र निरन्तरताका लागि सचेतनामुलक कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

१०. संस्थागत विद्यालयको स्थापनालाई  निरुत्साहित गर्दै लगिने छ ।

११. संस्थागत विद्यालयले विद्यार्थीलाई उपलब्ध गराउने सेवा तथा सुविधाको आधारमा नियमअनुसार निश्चित मापदण्ड बनाई शुल्क निर्धारण गरिने छ ।

१२. उच्च शिक्षाको सहज पहुच विस्तारका लागि यस गाउँपालिका भित्र संचालित खोटाङ क्याम्पस खोटाङबजार र सिम्पानि क्याम्पस सिम्पानिको संस्थागत विकास र विस्तारका लागि प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिने छ ।

१३. आवश्यक भौतिक पुर्वधार विकास तथा विद्युत विस्तार भएका आधारभुत र माध्यमिक विद्यालयहरुमा इ-हाजिरीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१४. बालविकास केन्द्रमा कार्यरत बालशिक्षकको क्षमता विकासका लागि बालमैत्रि तालिमको व्यवस्था गरिने छ ।

१५. शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक पहल गरिने छ ।

१६. आधारभुत तहको खुद भर्नादर सतप्रतिशत बनाउन आबश्यक रणनीति लिइने छ ।

१७. विद्यालय शिक्षाको पहुच विस्तारको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

१८. कक्षा छाडने दर, कक्षा दोहोर्याउने दर शुन्य बनाउन आवश्यक पहल गरिने छ ।

१९. आधारभुत तह पार गर्ने दर सतप्रतिशत पुर्‍याउन आवश्यक पहल गरिने छ ।

२०. सिकाइ उपलब्धि अभिवृद्धिका लागि ठोस पहल गरिने छ ।

२१. शिक्षाको समग्र पक्ष (शैक्षिक ,भौतिक,प्रशासनिक )को सुधारका लागि प्रधानाध्यापकलाई थप जिम्मेवार बनाउन मापदण्ड अनुसार प्र.अ. नियुक्तिको व्यवस्था गरि करार सम्झौता गरिने छ ।

२२. विभिन्न कारणबाट विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन,टिकाई राख्न विशेष कार्यक्रम संचालन गरिने छ ।

२३. सबै विद्यालयहरुमा क्रमागत रुपमा कम्प्युटरको व्यवस्था गरिने छ ।

२४. बालबालिकाहरुको चौतफि विकासका लागि **प्रतिभा पहिचान** कार्यक्रम संचालन गरिने छ ।

२५. शिक्षा ऐन तथा नियमावलि अनुसार मापदण्ड पुरा नगर्ने विद्यालयलाई आवश्यकता अनुसार अर्को नजिकको विद्यालयमा समायोजन गर्दै लगिने छ ।

२६. बालविकास कक्षा नभएका विद्यालयहरुमा बाल कक्षाको व्यवस्था गरिने छ ।

२७. विद्यालयको निरन्तर अनुगमन, निरिक्षण तथा सुपरिवेक्षणका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२८. शिक्षक दरबन्दि व्यवस्थापन तथा मिलानका लागि नेपाल सरकार समक्ष पहल गरिने छ ।

२९. हरेक गाउँपालिकामा एक प्राविधिक शिक्षालय स्थापना गर्ने नेपाल सरकारको नीतिलाई आवश्यक सहयोग गरिने छ ।

३०. शैक्षिक सत्रको प्रारम्भमा स्थानिय सरकार, शिक्षक,विद्यार्थी,शिक्षक महासघं,पेशागत संगठन,विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक सघं,स्थानिय समाजसेवि,बुद्धिजिवि,राजनीतिकर्मी,सघंसस्था आदि सबैको प्रत्यक्ष संलग्नतामा सामुदायिक विद्यालयको शैक्षिक समस्याहरुका बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गरि पहिचान भएका समस्याहरुको समाधान गर्न शैक्षिक गुणस्तर सुधार कार्ययोजना निर्माण गरि कार्यन्वयन गर्ने व्यवस्था मिलाइने छ ।

३१. शिक्षण सिकाईलाई क्रमश प्रबिधिमैत्रि बनाउदै लगिने छ। आ.व. २०७५/०७६ मा संचालित Creative edutainment world pvt .ltd. द्धारा विकसित **टकिङपेन** प्रविधिको प्रयोगलाई यसको प्रभावकारीताका आधारमा निरन्तरता दिने नीति लिइने छ।

३२. शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेप मुक्त बनाउने र विद्यालयलाइ शान्ति क्षेत्र बनाइने छ।

३३. बहुजाति,बहुसाँस्कृतिक ,बहुभाषिक विविधताले भरिएको यस गाउँपालिका भित्र मातृभाषा पाठशाला स्थापना गर्न आवश्यक पहल गरिने छ।

३४. गाउँपालिका भित्र संचालित क्याम्पसमा स्नातकोतर तह संचालन गर्न आवश्यक पहल गरिने छ।

३५. शिक्षालाई रोजगारमुलक र व्यवहारीक बनाउन पहल गरिने छ।

३६. गाउँपालिका भित्रका प्राथमिक विद्यालयहरुका लागि विषेश कार्यक्रम ल्याईने छ।

- **स्वास्थ्य क्षेत्रको सुधारका लागि देहाय अनुसारका नीति अख्तियार गरिनेछ।**

१. आधारभुत स्वास्थ्य सेवाको सुनिश्चित र व्यवस्थित गरिनेछ।

२. सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै थप वर्थिङ सेन्टर विस्तार गरिनेछ , साथै २४ घण्टे सेवाका कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ।

३. ल्याव सेवा सञ्चालनमा जोड दिइनेछ।

५. पुर्ण खोप युक्त पालिकालाई निरन्तरता र सुनिश्चितताका लागि सवै बच्चाहरुले पुर्ण खोप पाए नपाएको एकिन गरि पुर्ण खोप पालिका घोषणा गरिनेछ।

६. पुर्ण खोप दिगोपनाका लागि खोप केन्द्र भवन निर्माण कार्यलाई जोड दिईनेछ।

७. स्वास्थ्य चौकीहरुको मासिक तथा त्रैमासिक प्रतिवेदनलाई व्यवस्थित गर्न सबै स्वास्थ्य चौकीहरुलाई क्रमागतरुपमा कम्प्यूटर, प्रिन्टरको व्यवस्था गरिनेछ।

८. गाउँपालिकाले प्रत्येक वर्ष विशेषज्ञ डाक्टर ल्याई स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यमा जोड दिईनेछ ।

९. वालवालिकाहरुको स्वास्थ्य, खोपहरुको उपयोग पोषण स्तरमा सुधार गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१०. विपद् र माहामारी व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

११. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई दिईदै आएको मासिक भत्तामा निरन्तरता दिईनेछ।

१२. स्वास्थ्य संस्थाको भौतिक सुधार गर्दै स्वास्थ्य चौकी भवन नभएका वडाहरुमा स्वास्थ्य चौकी भवन निर्माणको पहल गरिनेछ।

१३. प्राथमिक स्वास्थ्य केन्द्र निर्माणमा आवस्यक पहल गरिनेछ।

१४. स्वस्थ जिवन अन्तर्गत नसर्ने रोग न्युनिकरणका लागि योग सम्बन्धी कार्यक्रम ल्याईनेछ।

१५. स्वास्थ्य संस्थाका क्षेत्रभित्र स्वस्थ र स्वच्छ खानेपानीको पहुँचको व्यवस्था गरिनेछ।

- **महिला, वालवालिका तथा ज्येष्ठ नागरिक**

१. यस गाउँपालिकामा रहेका महिला ,दलित ,ज्येष्ठ नागरिक ,अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको सम्मान तथा सशक्तिकरण गरिने नीति अख्तियार गरिनेछ र विकासका प्रतिफल हासिल गरिने सवालमा प्राथमिकतामा राखिनेछ।

२. वालवालिकाको क्षमता अभिवृद्धि हुने खालको योजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. अपाङ्गता भएका व्यक्तिहरुको सूची तयार गरी परिचय पत्रको व्यवस्था मिलाइनेछ।

४. अपाङ्गता भएका व्यक्तिहरुलाई स्वावलम्वी र आत्मानिर्भर बनाउन उद्यमशिलताको विकास गराउदै क्षमता अभिवृद्धि गराउने साथै अनुदानको व्यवस्था गरिनेछ।

५. लैङ्गीक मैत्री कार्यक्रम तथा बजेट तर्जुमा गरिनेछ।

६. ज्येष्ठ नागरिकहरुको सम्मान र कदर गर्दै परिवारबाट गरिने विभेदलाई न्यूनिकरण गर्दै ज्येष्ठ नागरिकको संरक्षण गरिने छ।

७. अपाङ्गता परिचयपत्र तथा ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि विभिन्न स्थानहरुमा आवश्यक्ता अनुसार एकिकृत घुम्ति शिविर सञ्चालन गरिनेछ ।

८. जेष्ठ नागरिकहरुको अनुभवलाई अनुसरण गर्दै विकासको गतिलाई तिव्रता दिने उदेश्य राखि जेष्ठ नागरिक भेटघाट चौतारी निर्माण गर्ने नीति लिईनेछ ।

- **युवा तथा खेलकुद**

१. विकास र समृद्धिको सूचकको रुपमा खेलकुदलाई लिने गरिन्छ तथर्स खेलकुद मार्फत पहिचान, एकता र गतिशिलताका लागि खेलकुदमुखी कार्यक्रम तर्जुमा गरिने छ ।

## ❖पूर्वाधार विकास

पूर्वाधार विकासको अवस्थाले गाँउपालिकाको समग्र विकासको अवस्था चित्रण गर्दछ । यसर्थ आगामी आ.व. मा यसका लागि देहायका कार्यक्रमहरु सञ्चालन हुनेछन् ।

१. चालु आव भित्र गाउँपालिको केन्द्र खोटाङ वजार सम्म जोडिन नसकेका सडक खण्डलाई यथाशीघ्र जोडिनेछ साथै सबै मूल सडकहरुलाई स्तरोन्नति गरि बाह्रै महिना निरन्तर सवारी साधन आवतजावत गर्न सकिने स्तरको निर्माण गरिनेछ। आर्थिक, व्यापारिक एवं पर्यटकीय महत्व बोकेका एवं अन्तरपालिका जोड्ने सडकलाई प्राथमिकता दिइ काम अघि बढाइनेछ ।

२. गाँउपालिका क्षेत्रभित्र निर्माण हुने भौतिक संरचना भुकम्प प्रतिरोधी एवं मापदण्ड अनुकूल हुनका लागि कडाइ गरिनेछ ।

३. विद्युत विकासको क्षेत्रमा यस वर्ष ठूलो जोखिमका साथ विद्युत विस्तार कार्यक्रम संचालन भएकोमा आगामी आ.व.मा समयमै यसको प्रक्रियागत पक्षमा ध्यान दिइ कार्यक्रम अगाडि बढाइने छ । आगामी आ.व.भित्र गाँउपालिकाको सवै वडामा केन्द्रिय विद्युत विस्तार सम्पन्न गरिने लक्ष्य राखिएको छ ।

४. स्थानीय जलस्रोतलाई उपयोग गरि स्थानीय जनताहरुको सक्रियतामा निर्माण भएका साना लघु जलविद्युत आयोजनाहरुको उत्पादन क्षमता वृद्धि गरि **"उज्यालो खोटेहाङ अभियान"** अन्तर्गत विद्युत विस्तार हुन नसकेका घर धुरीमा विस्तार गरिनेछ । साना लघु जलविद्युत आयोजना सञ्चालन गर्न सकिने स्थानहरुको सम्भाव्यता अध्ययन गर्न पहल गरिने छ ।

५. सूचना तथा संचार प्रविधिको विकासले समग्र विकासको स्तर निर्धारण गर्दछ ।विकासको गतिलाई प्रवर्द्धन गर्न यसको भूमिका अहम रहन्छ । सूचना तथा सचांर प्रविधिको प्रयोगलाई सेवा प्रवाहसँग आबद्ध गरीनेछ ।

६. गाउँपालिकाबाट छनौट भएका, प्रदेश सरकार तथा संघबाट छनौटमा परेका योजनाहरुको प्रभावकारीता निम्ति अनुगमन कार्यलाई थप सुदृढीकरण गरिनेछ ।

७. छरिएर रहेको मानव बस्तिका कारण विकासमा सहभागिता र लागत बढ्नुका साथै विकासको प्रतिफल सहज र पहुच योग्य हुन सकिरहेको छैन जसका लागि एकिकृत बस्तिको अवधारणालाई आत्मसात गर्दै सम्भाव्यता अध्ययन गरिनेछ ।

## ❖खानेपानी तथा सरसफाई

१. गाउँपालिका भित्र खानेपानीको प्रसस्त स्रोत हुँदाहुँदै पनि यसलाई उचित व्यवस्थापन मिलाउन नसकिएको हुनाले स्रोतहरुको पहिचान र परिचालन गरि गाउँपालिका भरि सन्तुलित र न्याय पुर्ण ढंगले खोनेपानीको वितरणको प्रवन्ध मिलाईनेछ ।

२. यस पालिकाको वडा नं. ९ लिच्किराम्चेमा देखिएको खानेपानी समस्यालाई हल गर्न प्रदेश तथा सङ्घीय निकायमा पहल गरिनेछ ।

३. खानेपानीको मुहानहरुको संरक्षण गर्न व्यापक जनचेतना अभियान चलाईनेछ ।

४. वृक्षारोपण गरि बन जंगलको वृद्धि गर्ने र जंगल फडानीलाई नियन्त्रण गरि खानेपानीका मुहानहरुको पानी वृद्धि गर्न कार्यक्रम गरिनेछ ।

५. गाउँपालिका भित्रका महत्वपुर्ण केन्द्रहरु खोटाङबजार, सिम्पानीबजार र इन्द्राणीपोखरीमा स्वच्छ खानेपानीको व्यवस्था मिलाउन पहल गरिनेछ ।

## ❖वातावरण तथा विपद व्यवस्थापन

१. स्वच्छ वातावरणमा बाच्न पाँउने हकको सम्मानका लागि वातावरण संरक्षण तथा सरसफाइका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. विपद्पूर्व तयारी, विपद्को समय तथा विपद पश्चात गरिनुपर्ने क्रियाकलापहरुलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था गरिनेछ। प्राकृतिक एव अन्य मानवीय कारणबाट जोखिममा परेका वर्ग , क्षेत्र एवं समुदायको आकस्मिक व्यवस्थापन एवं उद्धारका लागि विपद व्यवस्थापन कोषबाट नियमानुसार सहायता उपलब्ध गराइनेछ ।

३. मानव निर्मित तथा प्राकृतिक एवं अन्य कारणबाट सम्भावित पहिरो तथा भुक्षय नियन्त्रणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

४. फोहोरमैला तथा ढल व्यवस्थापनका लागि आम नागरिक, बजार बासी एवं सर्वपक्षीय साझेदारीमा गाँउपालिकाको केन्द्र खोटाङ बजार लगायत अन्य स्थान समेतलाई फोहोरमूक्त  बनाइनेछ ।

## ❖प्रधानमन्त्रि रोजगार कार्यक्रम

प्रधानमन्त्रि रोजगार कार्यक्रम मार्फत बेरोजगारहरुलाई खोटेहाङ गाउँपालिकाको आर्थिक, सामाजिक र पुर्वाधार विकास संग जोडी रोजगार सृजना गर्न निम्न नीति लिईनेछ ।

१. बेरोजगार व्यक्तिहरुको सिप, अनुभव, योग्यता, क्षमता र दक्षताका आधारमा बर्गिकरण गरी आन्तरिक रोजगारी सृजना गर्ने योजना र कार्यक्रम तय गरिनेछ ।

२. न्युनतम रोजगार (**१०० दिन**) लाई खोटेहाङको विकास र समृद्धि संग जोडिनेछ ।

३. बेरोजगार व्यक्तिहरुको सूचि जुनसुकै समयमा पनि हेर्न मिल्ने गरि अभिलेखिकरण गरिनेछ ।

४. न्युनतम रोजगारी पाउने व्यक्तिहरुको छुट्टै लगत तयार गरिनेछ । निर्वाह भत्ता पाउने बेरोजगार व्यक्तिहरुको छुट्टै पारिवारीक विवरण तयार गरि सो सम्बन्धी अन्य व्यवस्था मन्त्रालय संग समन्वय गरि अघि वढाईनेछ ।

## ❖ संस्थागत विकास , सेवा प्रवाह र सुशासन

१. सार्वजनिक प्रशासन सेवा प्रवाह र सुशासनलाई चुस्त दुरुस्त बनाउन समयसापेक्ष प्रविधि मैत्री बनाउदै सेवा प्रवाहलाई जन अपेक्षा अनुरुप छिटो, छरितो सर्व सुलभ, सरल उच्च गुणस्तरिय साथै प्रभावकारी ढंगले संचालन गरिनेछ ।

२. सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित बनाउदैं जनताको घरघरमै उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३. गाँउपालिका क्षेत्रभित्र शान्तिसुरक्षाको स्थितिलाई गम्भीर रुपमा लिदैं नागरिकको  सुरक्षा र शान्ति कायम गरिनेछ । साथै सुरक्षा संयन्त्रसँग समन्वय गरी सरकारी कार्यालय, बजार क्षेत्र लगायत अन्य क्षेत्रमा सुरक्षा संयन्त्र मजवुत बनाइने छ ।

४. जनताको घरदैलोमा सेवा पुऱ्याउन एकीकृत घुम्ती शिविर संचालन गरिनेछ ।

५. नागरिकको सूचनाको हकलाई सम्मान गर्न साथै छिटो सेवाप्रवाह सुनिश्ति गर्न अभिलेख व्यवस्थापनलाई विशेष जोड दिइनेछ ।

६. सेवाप्रवाहमा सुशासन कायम गर्न, भ्रष्टाचार र अनियमितता विरुद्ध शुन्य सहनशीलता अबलम्बन गर्दै कर्मचारीको मनोबल बढाउन आवश्यक व्यवस्था गरिनेछ । कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमका व्यवस्था एवं अन्य कार्यक्रमहरु संचालन गरिनेछ । साथै कार्यबोझका आधार साथै कर्मचारीको कार्यसम्पादन क्षमतानुसार गाँउकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु तथा वडासचिवहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

७. समग्र योजना तथा कार्यक्रममा सुशासन कायम गर्दै योजनालाई जनताको प्रत्यक्ष लाभ र सहभागिता सुनिश्चित गर्न थप अनुसन्धान र अध्ययन अवलोकन गर्नुपर्ने हुन्छ । यसका लागि विकास एवं समृद्धिको नमुनाका रुपमा कहलिएका स्थानीय तहहरुको भ्रमण गरि आवश्यक पृष्ठपोषण लिइनेछ ।

८. उपभोक्ताको हकहितलाई संरक्षण गर्न बजार अनुगमन कार्यलाई नियमित गरिनेछ । उपभोक्ता सचेतनामूलक कार्यक्रम मार्फत उपभोक्ताहरुको हित गरिनेछ । करको दायरामा नआएका व्यवसायीहरुलाई समेत करको दायरामा ल्याइनेछ ।

९. हालसम्म गाउँपालिकाको एकल अधिकारका विषयमा २१ वटा कानुन तर्जुमा भैसकेका छन् भने सेवा प्रवाह, विकासका नीम्ति आवश्यक कानुन तर्जुमा गर्दै लगिने छ ।

१०. स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गरिने छ ।

११. आ.व. २०७६।०७७ को बजेट र कार्यक्रम कार्यान्वयन गर्नु पुर्व गाउँ कार्यपालिकाले बार्षिक कार्य तालिका स्वीकृत गर्ने छ । स्वीकृत बार्षिक कार्य तालिकाले निर्दिष्ठ गरेको समय सीमा भित्र तोकिएका कार्य सम्पादन गर्न मातहतका वडा कार्यालय, समिति र सम्बन्धीत शाखाहरुलाई निर्देशन गरिने छ ।

## ❖न्यायिक कार्य सम्पादन सम्बन्धी नीतिहरु

१. न्यायिक समितिलाई गाउँपालिकाको मुख्य अंगको रुपमा स्थापीत गरि न्याय सम्पादन कार्यलाई सर्व सुलभ वनाईनेछ ।

२. गाउँबस्तीमा हुने साना तिना विवाद समाधान गर्न मेलमिलापकर्ताहरुको माध्यम अपनाउने नीति लिईनेछ ।

३. विवादका पक्षहरुलाई उजुरी दर्ता गर्न सहजिकरणका लागि वडा कार्यालयहरुलाई सम्पर्क कार्यालयको रुपमा विकास गरिनेछ ।

४. न्यायिक कार्य सम्पादनलाई कसरि सरल, सहज र छिटो बनाउन सकिन्छ भन्ने विषयमा मेलमिलापकर्ताहरुका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

## ❖सूचना तथा सञ्चार प्रविधि

१. सुशासन र कार्य सम्पादन चूस्त दुरुस्त बनाउनको लागि प्रत्येक वडा र गाउँपालिकाको कार्यालयमा इन्टरनेटको राम्रो व्यवस्था गरि सम्पूर्ण गाउँपालिकाको कामकाज प्रविधि मैत्री वनाईनेछ ।

२. गाउँपालिकाको सेवा सूविधा नीति नियम सुचना तथा गतिविधिहरु सबै नागरिकको पहुँचमा पुऱ्याउन डिजीटल सुचना पाटी , डिजिटल नागरिक बडा पत्रको व्यवस्थापन गरिनेछ ।

३. वडा कार्यालयबाट उठाउने करलाई पारदर्शि बनाउनका लागि ***एकिकृत कर संकलन प्रणालि ( IPT )*** सफ्टवयरको प्रयोग गरिनेछ ।

४. गाउँपालिकाको लेखा शाखालाई चुस्त दुरुस्त पार्न साथै सेवा ग्राहिलाई छिटो छरितो सेवा दिनका लागि यस आ.व. देखि ***स्थानीय सञ्चीतकोष व्यवस्थापन प्रणालि ( SuTRA )*** को प्रयोग गरिने छ ।

५. सेवाग्राहिहरुको बाक्लो उपस्थिती हुने कार्यालय तथा सार्वजनिक स्थानहरुमा निशुल्क ईन्टरनेट सेवाको क्रमश विस्तार गर्दै लगिनेछ ।

६. गाउँपालिका , वडा कार्यालय तथा अर्न्तरगतका शाखा कार्यालयहरुका गतिविधिहरुको निगरानी तथा पारदर्शिता कायम गर्न सुचना प्रविधिको उपयोग गरिनेछ ।

७. गाउँपालिका तथा वडा कार्यालयहरुमा हस्तलिखित रुपमा संचालन गरिने कार्यहरुलाई प्रविधिको उपयोग गरि बिस्थापीत गर्न विभिन्न किसिमका सफ्टवयरको प्रयोग तथा सबै कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

८. सबै माध्यमिक विद्यालय तथा आधारभुत विद्यालयहरुमा ईन्टरनेट सेवाको पहुच पुऱ्याउने कार्यको थालनी गरिनेछ साथै सबै विद्यालयमा सूचना प्रविधिको प्रयोगका लागि क्रमागत रुपमा मापदण्डका आधारमा कम्प्यूटर तथा प्रीन्टरको व्यवस्था गरिनेछ ।

९. ***एकिकृत शैक्षीक व्यवस्थापन सूचना प्रणाली ( IEMIS )*** लाई सहज कार्यान्वयनका लागि सम्पुर्ण विद्यालयहरुलाई आवश्यक आधारभुत कम्प्यूटर तालिमको व्यवस्था गरिनेछ ।

१०. गाउँपालिकाको सबै वडा कार्यालयहरुमा ***अनलाईन घटना दर्ता प्रणाली ( VERSP-MIS )*** यसै आ.व.भित्रमा अनिवार्य कार्यान्वयनमा ल्याईनेछ ।

११. स्वास्थ्य संस्थालाई प्रविधिमैत्रि बनाउन आवश्य कदम चालिने छ । साथै सम्पुर्ण स्वास्थ्य चौकी बाट आएका प्रतिवेदनहरुलाई चुस्त दुरुस्त र पारदर्शि बनाउनका लागी ***स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली ( DHIS2 )*** लाई कार्यन्वयनमा ल्याईनेछ ।

## ❖विविध

१. सहभागितामूलक योजना र विकासले मात्र दिगो विकासको आधार तयार गर्दछ। आजको विकास प्रक्रिया कुनै एक पक्ष वा संयन्त्रले मात्र सम्भव नहुने हुँदा समग्र विकासका लागि सबै साझेदारहरुलाई स्वागत गरि विकासलाई साझेदारीमा अगाडि बढाइने नीति अख्तियार गरिने छ ।

२. आगामी आ.व. को सुरुवातमा नै आगामी वर्ष संचालन गरिने योजनाका सम्बन्धमा प्रत्येक वडामा उपभोक्ता समिति र सरोकारवालाको सबैको सहभागितामा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ। सूचकको आधारमा उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने प्रणालीको सुरुवात भैसकेको अवस्थामा आगामी दिनमा निरन्तरता दिइने छ। समयभित्र काम सम्पन्न नगर्ने उपभोक्ता समिति वा निर्माण कम्पनी वा अन्य संस्थालाई कानुन बमोजिम कारवाही गरिनेछ ।

३. ३० लाख भन्दा ठुला वडा स्तरीय योजनाहरुको छनौट गर्नु पुर्व विस्तृत अध्ययन गरिनेछ ।

४. गुनासो संकलन गर्ने संयन्त्र स्थापना गरि जनताको गुनासोलाई तुरुन्त सम्बोधन गर्ने व्यवस्था गरिनेछ। यसको लागि महिनामा एक पटक जनता संग अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

४. चालु आ.व.मा आन्तरिक राजस्व परिचालनमा अपेक्षित नतिजा हासील हुने देखिन्छ। आगामि दिनमा राजश्वको दायरालाई फराकीलो बनाउदै प्रभावकारी संयन्त्रको विकास गरी लक्षित राजस्व परिचालन गर्न जोड दिइनेछ। साथै वडाले राजश्व संकलन गरेको आधारमा वडाको बजेट सिलिङलाई सुचक बनाईनेछ ।

५. संविधानको मर्म र भावना अनुसार गाँउपालिकाको समग्र विकासका लागि संघीय र प्रदेश सरकार, दातृ निकाय, ,समाजसेवी,साझेदार संस्था सबैसँग निरन्तर समन्वय र सहकार्य गरिनेछ ।

६. योजनालाई सहभागितामूलक बनाई लागत कम गरी उच्चतम प्रतिफल हासिल गर्न समपूरक कोषमार्फत विभिन्न योजनाहरु संचालनमा ल्याइनेछ ।

७. संचार जगतलाई राज्यको चौथो अंग मानिन्छ तसर्थ संचार माध्यमहरुको विकास, सहयोग र सहजीकरण गरिनेछ ।

८. संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा हुने कार्यक्रमहरुलाई समपुरक कोषको माध्यमबाट सञ्चालन गर्ने समपुरक कोषको व्यवस्था गरिनेछ ।

**अन्त्यमा,**

आर्थिक वर्षको अन्त्यमा मात्र आएर विकासलाई तीव्रता दिने विगतको परिपाटि चालु आर्थिक वर्षबाट न्यूनीकरण हुँदै गएकोछ। आर्थिक बर्षको अन्त्यमा योजना तथा कार्यक्रम सम्पन्न गरिनु पर्ने तथा नयाँ योजना तथा कार्यक्रम (बजेट) पनि ल्याउनु पर्ने कार्यले हतारमा सवै काम गरिनु पर्दा योजना तर्जुमा प्रक्रियमा सहभागिता र गृहकार्य अपेक्षित मात्रामा हुन सकेको छैन । जनताले विकासको अनुभूति प्राप्त गर्नुपर्नेमा हामी प्रतिबद्ध र दृढ रहनुपर्ने हुन्छ। यसर्थ आगामी आ.व.को चैत्र मसान्तभित्र सम्पूर्ण योजना तथा कार्यक्रमहरु सम्झौता गरि सक्ने नीति यस गाउँपालिकाले अख्तियार गरेको छ ।

विगत वर्षमा हामीले लिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सघाउ पुर्याउनुहुने सम्पूर्ण गाँउसभा सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, कर्मचारीहरु, नागरिक समाजका प्रतिनिधिहरु, शिक्षकहरु, विद्यार्थीहरु एवं सबै सरोकारवालाहरुमा हार्दिक आभार प्रकट गर्दछु। उल्लेखित नीति तथा कार्यक्रम कार्यन्वयन गर्न गाउँपालिकाको एक्लो प्रयासबाट मात्र सम्भव नहुने हुँदा खोटेहाङको विकास र समृद्धिमा चासो र सरोकार राख्ने सम्पूर्ण जनसमुदाय, राजनितिकदल, सरकारी तथा दातृ निकाय, समाजसेवि, बुद्धिजिवि, व्यवसायी र विकास प्रेमि सर्म्पूण महानुभावहरु संग आगामी दिनमा गाउँपालिकाको दीगो विकास र समृद्धिको नीम्ति अझ बढी रचनात्मक र सकरात्मक सहयोग, सल्लाह र सुझावको अपेक्षा गर्दछु ।

**.....धन्यवाद.....**

प्रदिप राई
अध्यक्ष
२०७६।०३।१६